Pragya Darshan 2023, 5(1): 35-38
ISSN: 2542-2634 (print)
© DEPAN, TU, University
Research Article

# समकालीन नेपाली कविताको संस्कृतिपरक अन्तर्विषयकता

ज्ञानु अधिकारी
त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस
इमेलः shabdaga@gmail.com

**सार**

प्रस्तुत अनुसन्धानात्मक लेख समकालीन नेपाली कविताको संस्कृतिपरक अन्तविर्षयकताको अध्ययनमा केन्द्रित भएर तयार पारिएको हो । यसरी अध्ययन गर्ने क्रममा समकालीन नेपाली कविताका रूपमा पछिल्लो समय प्रकाशित कवितासङ्ग्रहमा सङ्गृहीत प्रतिनिधिमूलक कवितालाई अध्ययनको आधार बनाइएको छ । नेपाली साहित्यका अन्य विधामा जस्तै समकालीन नेपाली कवितामा पनि अन्तर्विषयकताको प्रयोग भएको छ । साहित्यको विषयवस्तुभित्र साहित्येतर विषयहरू अन्तर्वस्तुका रूपमा प्रयोग हुनुलाई अन्तर्विषयकता भनिन्छ । विश्वसाहित्यमा सन् १९६० पछि उत्तरआधुनिक बहुलवादी सिद्धान्त र सांस्कृतिक अध्ययनको विकासका क्रममा अन्तर्विषयक समालोचनाको विकास भएको हो । साहित्यमा अन्तर्विषयकताको प्रयोग हुन थालेपछि यसप्रकारको साहित्यको अध्ययन-विश्लेषण गर्नका लागि अन्तर्विषयक समालोचनाको आरम्भ भएको हो । समकालीन नेपाली कवितामा संस्कृतिपरक अन्तर्विषयकताको प्रयोग केकसरी भएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्ने उद्देश्यले तयार पारिएको यस अनुसन्धानलेखमा संस्कृतिपरक अन्तर्विषयकताका अवधारणाको उपयोग गरिएको छ । समकालीन नेपाली कवितामा संस्कृतिपरक अन्तर्विषयकताका विभिन्न पक्षहरुको प्रयोग भए पनि यस अनुसन्धानात्मक आलेखमा परम्परागत संस्कृति, निर्मित संस्कृति र जातीय संस्कृति गरी संस्कृतिका तीनवटा पक्षलाई मात्र विश्लेषणको आधार बनाइएको छ । समकालीन नेपाली कवितामा संस्कृतिपरक अन्तर्विषयकता प्रभावकारी रूपमा आएको र यसले कवितालाई बहुआयामिक, बौद्धिक, गहन र स्तरीय बनाएको निष्कर्ष यस अनुसन्धानात्मक लेखमा निकालिएको छ ।

**शब्दकुञ्जी :** *अन्तर्मिश्रण, उपभोक्तावाद, भूमण्डलीकरण, साइबर संस्कृति, साहित्येतर ।*

## १. विषय परिचय

समकालीन नेपाली कवितामा नवीन विषय र चिन्तनहरू व्यापक रूपमा प्रयोग हुँदैगइरहेका छन् । कवितामा प्रयोग भएका नवीन विषय र ज्ञानविज्ञानका विभिन्न क्षेत्रहरू नै कवितामा प्रयुक्त अन्तर्विषयकता हो । समकालीन कविहरूमा रहेको बहुविषयक ज्ञान र त्यसप्रतिको चेतना कवितामा पनि प्रकट भएको हुँदा समकालीन कवितामा अन्तर्विषयकताको प्रयोग प्रभावकारी रूपमा भएको छ । यस क्रममा सांस्कृतिक, राजनीतिक, सामाजिक, दार्शनिक, विज्ञानप्रविधि, जनजातीय, इतिहासपरक, पर्यावरणीय, सीमान्तीयता, पहिचानजस्ता अन्तर्विषयकताको प्रयोग समकालीन नेपाली कवितामा सबैभन्दा बढी भएको पाइन्छ । यसमध्ये पनि संस्कृति विषय पछिल्लो समयका कवितामा अझ व्यापक रूपमा आएको छ । कुनै पनि व्यक्ति, समाज वा राष्ट्रको आफ्नै संस्कृति हुन्छ । त्यसैले साहित्यिक रचनामा पनि परोक्ष तथा अपरोक्ष रूपमा संस्कृतिको प्रयोग भएको हुन्छ । यसरी साहित्यमा प्रयोग भएका सांस्कृतिक पक्षको अध्ययन वा पठन गर्नुलाई नै संस्कृतिपरक पठन भनिन्छ । समकालीन कवितामा सांस्कृतिक विषयको प्रयोग विभिन्न किसिमबाट भएको छ । कतिपय कवितामा यसको सचेत प्रयोग भएको छ भने कतिपय कवितामा स्वस्फूर्त रूपमा भाव र विचारमा अन्तर्घुलित भएर आएको देखिन्छ । यसरी समकालीन नेपाली कविताको संस्कृतिपरक पठन गर्ने क्रममा यहाँ कवितामा प्रयोग भएका विभिन्न पक्षमध्ये परम्परागत संस्कृति, निर्मित संस्कृति र जातीय संस्कृतिका बारेमा अध्ययन गरिएको छ ।

## २. समस्याकथन

समकालीन नेपाली कवितामा संस्कृतिपरक अन्तविर्षयकता केकसरी आएको छ भन्ने मूल जिज्ञासामा आधारित भएर प्रस्तुत अनुसन्धान आलेख तयार गरिएको छ र यो नै यस अनुसन्धानको मूल समस्या हो । यस लेखमा समकालीन नेपाली कविताको संस्कृतिपरक अन्तविर्षयकताअन्तर्गत निर्मित संस्कृति, परम्परागत संस्कृति र जातीय संस्कृति केकसरी आएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै यस अनुसन्धानात्मक लेखको शोध्यप्रश्न हो ।

## ३. अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानात्मक लेख समकालीन नेपाली कवितामा संस्कृतिपरक अन्तर्विषयकताको अध्ययन गर्ने उद्देश्यले तयार पारिएको हो । समकालीन नेपाली कविताको संस्कृतिपरक अन्तविर्षयकताअन्तर्गत निर्मित संस्कृति, परम्परागत संस्कृति र जातीय संस्कृतिको अध्ययन-विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो ।

## ४.अध्ययनविधि र विश्लेषण ढाँचा

यस अध्ययनमा संस्कृतिपरक अन्तर्विषयकताका सन्दर्भमा अन्तर्विषयकताका व्याख्याता मार्क बाउर्लिनले प्रस्तुत गरेको अवधारणालाई आधार बनाई समकालीन नेपाली कविताको संस्कृतिपरक अन्तर्विषयकताको अध्ययन-विश्लेषण गरिएको छ । यस अनुसन्धान आलेखलाई व्यवस्थित, प्रमाणिक तथा गहन बनाउनका लागि सामग्री सङ्कलन तथा उपर्युक्त शोधविधिको प्रयोग गरिएको छ र सोद्देश्य नमुना छनोट विधि अवलम्बन गरी सामग्रीसङ्कलन गरिएको छ । यस क्रममा सम्पूर्ण सामग्री प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरी पुस्तकालयीय सामग्रीलाई नै प्रमुख आधार बनाइएको छ । यसक्रममा समकालीन नेपाली कवितामा निर्मित संस्कृति, परमपरागत संस्कृति र जातीय संस्कृतिजस्ता संस्कृतिपरक अन्तर्विषकताको प्रयोग भएका कवितालाई प्राथमिक स्रोतका रूपमा र यससँग सम्बन्धित पूर्वाध्ययन तथा अन्य सामग्रीलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । संस्कृतिपरक अन्तर्विषयकताका अवधारणालाई आधार बनाई समकालीन नेपाली नेपाली कवितामा प्रयुक्त संस्कृतिपरक अन्तर्विषयकताको विश्लेषण गरिएकाले यो अध्ययनपत्र मुख्यरूपमा निगमन विधिमा आधारित छ र आवश्यकताअनुसार व्याख्या विश्लेषणात्मक एवं वर्णनात्मक विधि पनि अवलम्बन गरिएको छ ।

## ५. संस्कृति विषयको अवधारणा

साहित्यको एउटा विषयभित्र अन्य विषयले प्रवेश पाउनु अन्तर्विषयकता हो र अन्तर्विषयकताको प्रवृष्टिका दृष्टिले कविता सबैभन्दा उर्बर विधा हो । साहित्येतर विषयलाई साहित्यमा समावेश गर्नु अन्तर्विषयकता हो र यो साहित्यभन्दा इतर विषयको अध्ययन-विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा पनि हो (बाउर्लिन, सन् १९९७ : ७८) । कवितामा आउने विविध विषयमध्ये संस्कृति विषयले पनि ठूलो व्याप्ति प्राप्त गरेको छ । समकालीन नेपाली कवितामा पनि संस्कृति मूल विषय बनेर आएको देखिन्छ । सामान्य अर्थमा संस्कृति विषयको अध्ययन गर्ने शास्त्र नै संस्कृति अध्ययन वा सांस्कृतिक अध्ययन हो भन्ने बुझिए पनि यसको अर्थ र क्षेत्र व्यापक रूपमा फैलिएको छ । कुनै राष्ट्र वा जातिको परम्परादेखि चलिआएको चालचलनलाई संस्कृति भनेर बुझिन्छ । यसले कुनै एक जातिको मात्र नभएर राष्ट्रभित्र रहेका हरेक जाति, क्षेत्र, वर्गका समुदायहरूको समग्र संस्कृतिलाई बुझाउँछ । साहित्यिक रचनामा प्रयोग भएका विभिन्न सांस्कृतिक पक्षहरूको सूक्ष्म अध्ययन गर्ने काम सांस्कृतिक अध्ययनले गर्दछ । देशकाल सापेक्ष भई वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदैआएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जातिको स्वरूप छुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरू समेतको समूह वा साधनलाई संस्कृतिका रूपमा मानिन्छ (गौतम, २०७२ : ४१३) । संस्कृतिका यी पक्षहरू कवितामा केकसरी आएका छन् भनी विश्लेषण गर्ने विधि वा पद्धति नै कविताको सांस्कृतिक पठन हो । पाश्चात्य साहित्यमा 'कचल्चरल स्टडिज' का रूपमा विकसित भएको सांस्कृतिक अध्ययनले संस्कृतिलाई विशिष्ट अर्थमा प्रयोग गरी साहित्यको अध्ययन विश्लेषण गर्दछ । यसअनुसार सांस्कृतिक अध्ययन कलात्मक उपलब्धि, संस्थागत संरचना, विश्वास र यसका प्रणालीगत भाषागत विश्लेषणका अभ्याससम्म विस्तारित छ भने यो मूलतः संस्थागत भाषिक, ऐतिहासिक र समाजशास्त्रीय स्वरूपमा आधारित छ । समाजका वर्गगत, लिङ्गगत, जातिगत, पर्यावरणीय, उमेरगत, नीतिगत, स्थान र भूगोल, विचारधारा, उपभोक्ता संस्कृति, साहित्य, सङ्गीत, सञ्चार, भूमण्डलीकरण, उत्तरऔपनिवेशिकताजस्ता व्यापक विषयमा केन्द्रित हुन्छ (भट्टराई, २०७७ : ५)

। यसरी सांस्कृतिक अध्ययनअन्तर्गत राज्यका विभिन्न पक्षहरूमा सत्ता र शक्तिले निर्माण गरेका सबै किसिमका संस्कृतिहरूको अध्ययन पर्दछ भने संस्कृतिपरक पठनमा मानव सभ्यताको लामो कालखण्डमा संस्कृतिका रूपमा परम्पराका नाममा चल्दैआएका र नयाँ निर्मित भएका संस्कृतिहरूको पठन गरिन्छ । मानव व्यवहारमा प्रयोग हुन आउने विधि, व्यवहार, वस्तु र परिधान, खाद्यवस्तु, आवास र श्रम, व्यापार, उपभोग्य वस्तुको उत्पादन र तिनको वितरण तथा उपयोग र आचार-व्यवहार, जीवनभोगका तौरतरिका, जीवनयात्रा र आचारशैलीलगायतका पक्षहरू संस्कृतिका उदाहरण हुन् (सुवेदी, २०७३ : २०३) र कवितामा यी पक्षहरू कसरी अन्तर्घुलित भएर आएका छन् भन्ने विषयमा केन्द्रित रही गरिने पठन नै कविताको संस्कृतिपरक पठन हो । प्रस्तुत अध्ययन सांस्कृतिक पक्षका यिनै विविध पक्षहरू समकालीन नेपाली कवितामा केकसरी प्रयोग भएका छन् भन्ने विषयमा केन्द्रित भई तयार पारिएको छ ।

## ६. समकालीन नेपाली कवितामा प्रयुक्त संस्कृति

समकालीन नेपाली कवितामा प्रयोग भएका विभिन्न अन्तर्विषयकतामध्ये संस्कृति पनि एउटा मुख्य विषय हो । समकालीन नेपाली कवितामा संस्कृतिका विविध पक्षहरू सांस्कृतिक चेतनाका रूपमा अभिव्यक्त भएको पाइन्छ । यसरी प्रयोग भएका सांस्कृतिक पक्षहरूलाई अभिव्यक्त गरिएका समकालीन नेपाली कवितामा कतै परम्परागत संस्कृतिको समर्थन गरिएको छ भने कतै यसको आलोचना गरिएको छ । कतिपय कवितामा निर्मित संस्कृतिका सन्दर्भ आएका छन् भने कतिपय कवितामा जातीय संस्कृतिप्रतिका विश्वास र आस्था प्रकट भएका छन् । यसैगरी राष्ट्रिय गौरवका रूपमा पनि सांस्कृतिक विषयहरू समकालीन नेपाली कवितामा अभिव्यञ्जित भएका छन् । समकालीन नेपाली कवितामा अधिकांशतः प्रयोग भएका परम्परागत संस्कृति, निर्मित संस्कृति र जातीय संस्कृतिजस्ता सांस्कृतिक पक्षहरूलाईःआधार बनाई प्रस्तुत गोष्ठीपत्र तयार पारिएको छ । संस्कृतिका यिनै पक्षमा केन्द्रित रही समकालीन नेपाली कविका केही प्रतिनिधिमूलक कविताबाट साक्ष्यहरूसमेत प्रस्तुत गर्दै तल समकालीन नेपाली कविताको संस्कृतिपरक अध्ययन गरिएको छ ।

### ६.१ परम्परागत संस्कृति

परम्परादेखि नै चलनचल्तीका रूपमा मानिदैआएको र समाजले व्यापक रूपमा अवलम्बन गरेको संस्कृतिलाई परम्परित संस्कृति भनिन्छ । मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष जुनसुकै रूपमा पनि परम्परागत संस्कृतिलाई आत्मसात् गरिरहेको हुन्छ । यस्ता परम्परागत संस्कृतिको प्रभाव मान्छेको जीवन, उसको सोच, चिन्तन र व्यवहारमा कहीं न कहीं परिरहेकै हुन्छ । समकालीन नेपाली कविहरूका कवितामा पनि परम्परागत संस्कृतिको प्रभाव व्यापक रूपमा परेको देखिन्छ । समकालीन नेपाली कवितामा परम्परागत संस्कृतिको प्रभाव सकारात्मक र गर्वका रूपमा मात्र नभई नकारात्मक र आलोचनाका रूपमा समेत अभिव्यक्त भएका छन् । कतिपय कविले आफ्ना परम्परागत संस्कृतिलाई गौरवपूर्ण तरिकाले र स्वतस्फुर्त अभिव्यक्तिका रूपमा प्रस्तुत गरेका छन् भने कतिपयले परम्परागत संस्कृतिमा देखिएका विभेद र असान्दर्भिकतालाई सुधार गर्दै लैजानुपर्ने भाव अभिव्यक्त गरेका छन् । त्यस्तै कतिपय समकालीन कवितामा परम्परागत संस्कृतिलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेका छन् । परम्परागत संस्कृतिलाई झल्काउने बिम्बहरूको प्रयोग गरी अधिकांश समकालीन नेपाली कविता लेखिएका छन् । तीमध्ये यहाँ केही प्रतिनिधिमूलक कवितालाई मात्र साक्ष्यका रूपमा प्रयोग गरिएको छ । कवितामा भाव वा विचार सम्प्रेषण गर्ने क्रममा परम्परागत संस्कृति झल्किएको एउटा कवितांश यसप्रकार छ :

> बेसी खेतमा साइँलीले हिलो छेप्दै भनी
>
> आज मैलो पारेको लुगा जीवनभरि धोइदिउँला नि
>
> दाइँ सकेर मुरी धोक्रो बोकेर म उकालो लाग्दै गर्दा
>
> उसलाई लिन टाढाबाट जन्ती आइरहेका थिए
>
> रातोमाटोको ढिस्कोमा धोक्रो बिसाएर हेरिरहेँ
>
> मेरो शिरको नाम्लोभन्दा ठूलो थियो बेहुलाको गलाको माला !

नवराज लम्साल

'मायाको शृङ्खला', *क्रमशः एक्लै-एक्लै,* पृ. १०१

प्रस्तुत कवितांशमा लोकसंस्कृतिका साथै परम्परित संस्कृतिसमेत आएको छ । यस कवितांशमा कविले आफ्नी प्रेमिका साइँलीलाई सम्झँदै स्मृतिबिम्ब प्रस्तुत गर्ने क्रममा परम्परित संस्कृतिको बिम्बसमेत प्रस्तुत भएको छ । बेसी खेतमा साइँलीले जिस्किँदै हिलो छेप्नु, जीवनभरि तिम्रा मैला लुगा धोइदिन्छु भन्नु, दाइँ सक्नु, मुरी धानको धोक्रो बोकेर उकालो लाग्नु, साइँली अर्थात् प्रेमिकालाई लिन टाढाबाट जन्ती आउनु, रातोमाटोको ढिस्कोमा धोक्रो बिसाएर हेरिरहनु, आफ्नो शिरको नाम्लोभन्दा बेहुलाको गलाको माला ठूलो देख्नुजस्ता सन्दर्भ र यहाँ प्रयोग भएका बिम्बहरूले परम्परित संस्कृति र लोकसंस्कृतिको चित्रण गरेका छन् । खास गरी साइँलीको बिहे छिन्नु, जन्ती आउनु, दुलाहाले ठूलो माला लाउनुजस्ता कवितामा आएका सन्दर्भहरूले परम्परित संस्कृतिलाई देखाएका छन् । परम्परित संस्कृतिलाई प्रस्तुत गरिएको यस्तै अर्को कविताको अंश यसप्रकार छ :

> सम्झन्छु आखिर बा'सित के थियो त्यस्तो मन्त्र ?
>
> दुखाइ सहन नसकेर
>
> छटपटाउँदै आउने बिरामीहरू
>
> केही क्षणमै आराम भई फर्कन्थे घर ।
>
> इस्टकोटको गोजीमा बोक्नुहुन्थ्यो चामल
>
> झर्के थालमा राखेर चामल, हेर्नुहुन्थ्यो जोखना
>
> त्यही चामल फ्याँक्दै जप्नुहुन्थ्यो मन्त्र
>
> कसैलाई अम्खोराभरि पानी राखेर तीतेपातीले छर्कँदै
>
> औँलामा खरानी दलेर समाउनुहुन्थ्यो निधार
>
> अनि औँला पड्काएर भन्नुहुन्थ्यो चट् !

मीनकुमार नवोदित

'बाको मन्त्र', *समयको बयान,* पृ. ३९

प्रस्तुत कवितांशमा परम्परित संस्कृतिको चित्रण गरिएको छ । यहाँ पहिलेदेखि चलिआएको झारफुक गरी बिरामीलाई सञ्चो बनाउने तान्त्रिक संस्कृतिलाई देखाइएको छ । 'बाको मन्त्र' शीर्षक कविताको यस अंशमा गाउँघरमा बिरामी भएर छटपटाएका मानिसहरू जब बाको छेउमा आउँथे र उनको मन्त्र सुन्थे अनि सञ्चो भएर फर्कन्थे भन्ने सन्दर्भसँगै बासँगै विलयन भएको बाको मन्त्रमा त्यस्तो के जादू थियो होला भन्ने जिज्ञासा अभिव्यक्त भएको छ । यस कवितांशमा प्रयोग भएका इस्टकोटको खल्तीमा चामल बोक्नु, झर्के थालमा चामल राखेर जोखना हेर्नु, त्यही चामलल फाल्दै मन्त्र जप्नु, अम्खोराभरि पानी राखेर तीतेपातीले छर्कनु, औँलामा खरानी दलेर निधार समाउनु अनि औँला पड्काएर चट् भन्नुजस्ता गतिविधिहरूले हाम्रो परम्परागत संस्कृतिलाई चित्रण गरेका छन् । यसरी कवितांशमा स्मृतिबिम्बका माध्यमबाट गाउँघरमा औषधिमूलोका नाममा गरिने झारफुकको सन्दर्भ ल्याएर परम्परागत संस्कृतिको चित्रण गरिएको छ ।

> किन खोसिन्छन्
>
> कसैका बाँच्ने आशाहरू ?
>
> आखिर किन फुटाइन्छ हातका चुराहरू
>
> लुछिइन्छ गलाका पोतेहरू र पुछिन्छन् सिउँदोका रङहरू
>
> यो कस्तो संस्कृति ?
>
> यो कस्तो पद्धति ?

सामना पहाड

'नखुइलिने रङ', *पर्खालभित्रको घाम,* पृ. ४१ ।

माथिको कवितांशमा परम्परित संस्कृतिलाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ । खास गरी पतिको मृत्युपश्चात् पत्नीले अवलम्बन गर्ने जुन विधवाप्रथा वा संस्कृति छ, त्यसमाथि यहाँ प्रश्न गरिएको छ । हातका चुराहरू फुटाउनु, गलाका पोतेहरू लुछिनु, सिउँदोको रङ्गहरू पुछिनु र जीवनका आशाहरू खोसिनुजस्ता सन्दर्भहरूले परम्परागत संस्कृतिको बिम्ब उतारेका छन् । एउटी जिउँदोजाग्दो नारीको स्वतन्त्ररूपमा बाँच्न पाउनुपर्ने अधिकारमाथि

अङ्कुश लगाइएकोप्रति असन्तुष्टि प्रकट गर्दै परम्परित संस्कृतिको यस पक्षलाई यहाँ आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ६.२ निर्मित संस्कृति

मानवीय सभ्यताको पछिल्लो समयको समाजमा चलेको र परिवर्तित जीवनशैलीबाट निर्माण भएको संस्कृतिलाई निर्मित संस्कृति भनिन्छ। समकालीन नेपाली कवितामा परम्परित संस्कृतिका साथै निर्मित संस्कृतिको चित्रण पनि प्रभावकारी रूपमा भएको छ । खासगरी वैदेशिक रोजगार, भूमण्डलीकरण, साइबरसञ्जालको प्रभाव, उपभोक्तावादी संस्कृतिको विस्तारका कारण पछिल्लो समय निर्मित संस्कृतिको हस्तक्षेप बढ्दैगएको छ । यसरी निर्मित संस्कृतिको प्रभाव समाजमा दिनप्रतिदिन बढ्दैगएका सन्दर्भमा समकालीन नेपाली कवितामा पनि यसको प्रभाव र प्रयोग हुनु स्वाभाविक हो । यस्तै निर्मित संस्कृतिका सन्दर्भहरू प्रयोग भएका समकालीन नेपाली कविताका केही प्रतिनिधिमूलक कवितांशहरूको उदाहरण यसप्रकार छन् :

सहरले
मालपोत कार्यालय चिन्छ,
नापी कार्यालय चिन्छ बैङ्क चिन्छ
नक्सा र पुर्जाहरू चिन्छ
चेक र नगदहरू चिन्छ,
तर, जग्गाको उर्वराशक्ति चिन्दैन
जग्गाको उत्पादन चिन्दैन
त्यसपछि के खान्छ सहरले ?
सहरले ढुङ्गा खान्छ

सुवास खनाल

'शहरले ढुङ्गा खान्छ', *सपनाको अवयव,* पृ. १७

प्रस्तुत कवितांशमा पछिल्लो समय विकसित भएको उपभोक्तावादी संस्कृतिको सन्दर्भलाई प्रस्तुत गरिएको छ। यहाँ पैसाको कारोबार र नाफाघाटाको कुरा मात्र बुझ्ने कृत्रिम र असंवेदनशील सहरको चित्रण गरिएको छ । उपभोक्तावादी संस्कृति आजको निर्मित संस्कृति हो । यसले कसरी आजका मानिसलाई अप्रत्यक्षरूपमा शोषण गरिरहेको छ भन्ने कुरालाई यस कवितांशमा गम्भीर रूपमा प्रस्तुत गरिएको छ । मालपोत कार्यालय, नापी कार्यालय, बैंक आदिका साथै नक्सा, पुर्जा, चेक, नगद आदिलाई मात्र सहरले चिन्नेगरेको तर जग्गा र जग्गाको उर्वराशक्तिलाई चिन्ने नगरेका सन्दर्भहरू प्रस्तुत गरिएको यस कवितांशमा उपभोक्तावादी संस्कृतिले निर्माण गरेको वर्तमानको यथार्थ अभिव्यक्त भएको छ । यस्तै निर्मित संस्कृतिले मानवीय जनजीवनमा पारेको प्रभाव र यसको यसरलाई तलको कवितांशमा यसप्रकार प्रस्तुत गरिएको छ :

कोठाको भित्ताको तिम्रो फोटो /उप्काएर फालेँ
फेसबुक वालको हाम्रो युगल सेल्फी/डिलिट हानेँ
तिम्रो नामको देब्रे छातीको ट्याटु पनि
छालै खुर्किएर ताछीताछी फालेँ
प्रोफाइल स्टाटसमा सिङ्गल भनेर सच्याइदिएँ
साथीहरूले सोध्दा
तिम्रो नामको अगाडि एक्स झुन्डाइदिएँ
तर, आँखाभित्रको तस्बिर
मनभित्रको तिमी बसेको तामदान
माफ गर प्रिया
सकिनँ मेट्न, फिटिक्कै सकिनँ ।

राधिका कल्पित, 'ब्रेकअप', *बरफका कोइलाहरू,* पृ.१०५

माथिको कवितांशमा निमिंत संस्कृतिका रूपमा पछिल्लो समय विकसित भइरहेको साइबर संस्कृतिको सन्दर्भलाई प्रस्तुत गरिएको छ। कवितांशमा प्रयोग भएका फेसबुक वाल, युगल सेल्फी, देब्रे छातीको ट्याटु, प्रोफाइल स्टाटसजस्ता पदपदावलीहरू साइबर संस्कृति र नयाँ संस्कृतिका रूपमा केही वर्षयता विकसित हुँदैआइरहेको संस्कृति झल्काउने शब्दहरू हुन् । प्रेमिकासँग ब्रेकअप भएपछि भित्तामा टाँसेको फोटो च्यात्ने, फेसबुक वालबाट डिलिट हान्ने, छातीको ट्याटु खुर्किएर फाल्ने, प्रोफाइल स्टाटसमा सिङ्गल भनेर लेख्ने, प्रेमिकाको नामको अगाडि एक्स झुन्डाइदिने आदि गरे पनि आँखा र मनभित्र बसेको प्रेमिकाको तस्बिरलाई कसै गरे पनि मेटाएर फाल्न नसकेको भाव यस कवितांशमा अभिव्यक्त भएको छ र यही भाव अभिव्यक्त हुने क्रममा साइबर संस्कृतिको सन्दर्भलाई प्रयोग गरिएको छ । यस्तै निर्मित संस्कृतिको चित्रण गरिएको एउटा अर्को कवितांश यसप्रकार छ :

उभिएको छु बुढीसँगै
त्रिभुवन विमानस्थलको गर्भभित्र
नाचिरहेको छ उसका आँखामा
छोरा हुर्काउँदाको मातृत्व
म सकीनसकी
सुटकेस र झोला घिसारिरहेछु
र हेरिरहेछ
सुत्केरी स्याहारका नाममा
बोइङ चढ्न आतुर
आफूजस्तै बुढाबुढीहरूका चाउरिएका गाला
र कपासझैँ फुलेका कपालको श्वेतबिम्ब ।

सुरेन्द्र अस्तफल

'तेल भिसा', *तेलभिसा,* पृ. २२

प्रस्तुत कवितांशमा पछिल्लो समय नेपाली समाजमा निर्मित नयाँ संस्कृतिलाई प्रस्तुत गरिएको छ। वैदेशिक रोजगारी नेपालको एउटा संस्कृतिकै रूपमा विकसित भइरहेको सन्दर्भलाई देखाइएको यस कवितांशमा छोराछोरीहरू विदेशमा नै बस्न थालेपछि उनीहरूको घरजम उतै हुने र सन्तान जन्मिएपछि सुत्केरी स्याहार्नका लागि आमाबाबुलाई विदेशमा नै बोलाउने जुन किसिमको संस्कृतिको निर्माण भएको छ, त्यसलाई यहाँ प्रस्तुत गरिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आँगनमा उभिएर आफूजस्तै सुत्केरी स्याहारका नाममा बोइङ चढ्न आतुर बुढाबुढीहरूको चाउरिएको गाला र कपासजस्तै फुलेका कपाल हेरिरहेको एउटा वृद्ध समाख्याताको माध्यमबाट अभिव्यक्त यस कवितांशको सन्दर्भले नेपाली समाजमा पछिल्लो समय विकसित भइरहेको निर्मित संस्कृतिलाई प्रस्तुत गरेको छ ।

### ६.३ जातीय संस्कृति

कुनै पनि जातिविशेषका परम्परा, लोकविश्वास, चालचलन र धर्मसंस्कारका सन्दर्भ र बिम्बहरूको प्रयोग भएका कवितामा जातीय संस्कृतिको प्रयोग गरिएको हुन्छ। जातीय संस्कृति परम्परागत रूपमा विकसित भएको संस्कृति हो । यसले निश्चित जात र समुदायको संस्कार, लोकविश्वास र जीवनशैलीलाई प्रतिबिम्बन गरेको हुन्छ । समकालीन नेपाली कवितामा जातीय संस्कृतिको प्रतिबिम्बन स्पष्टरूपमा आएको छ। समकालीन कविहरूले आफ्ना पुर्खा र तिनले जोगाएका संस्कृतिप्रति सम्मान गर्ने क्रममा होस् या विभिन्न मिथकहरूको प्रयोगका रूपमा होस् या जातीय जीवनशैलीको यथार्थ प्रस्तुत गर्ने क्रममा होस् जातीय संस्कृतिका सन्दर्भहरू ल्याएका छन्। यस्तै जातीय संस्कृतिका सन्दर्भहरूलाई विषय बनाएर लेखिएका केही समकालीन कवितांश यसप्रकार छन् :

यतिबेला ऊ
लिम्बूवान सत्रथुमको पुर्खाहरूले चुम्लुङ गरेको
डाँडागढीमा उक्लिसकेको छ,
निर्णयको चिनो बुढो रूखहरूलाई
हेर्दै सिधै सिलौटी ताकेर हेर्छ, जहाँ फाल्गुनन्दले
सुब्बाहरूको चुम्लुङ गरेको थियो

धर्मेन्द्रविक्रम नेम्बाङ

'खाम्बोङ बासा बिस वर्ष पुगेको छ,' *भीरैभीरको रङ्ग र अर्को संस्करण,* पृ. ३२

यस कवितांशमा लिम्बूवान क्षेत्रका लिम्बूहरूको जातीय संस्कृति र जातीय पहिचान अभिव्यक्त भएको छ। कवितामा प्रयुक्त कुनै ऊ पात्र पहिचानको खोजीमा डाँडो उक्लिरहेको बिम्ब प्रस्तुत गर्दै लिम्बुवान सत्रथुमका पुर्खाहरूले चुम्लुङ गरेको सन्दर्भ प्रस्तुत गरेको छ । कवितांशमा प्रयोग गरिएको चुम्लुङ शब्दले जातीय संस्कृतिलाई प्रतिबिम्बित गरेको र डाँडागढीमा उक्लिनुजस्ता सन्दर्भले लिम्बुवानको पहिचानलाई देखाएको छ। डाँडामा उक्लिएर बुढो रूखहरूलाई हेर्नु भन्ने कुराले लिम्बूवानइतर क्षेत्र वा काठमाडौँलाई बूढो रूखको बिम्ब प्रदान गरिएको छ । लिम्बूवानको सत्रथुमको डाँडोमा बसेर सिलौटो ताकेर हेर्नु लिम्बूवानको जातीय पहिचानको खोजी हो । त्यहाँ फाल्गुनन्दले सुब्बाहरूको चुम्लुङ गरेको सन्दर्भले जातीय संस्कृतिका माध्यमबाट लिम्बूवानको क्षेत्रीय पहिचानलाई देखाएको छ। यस्तै जातीय संस्कृतिलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको अर्को कविताको एउटा अंश यसप्रकार छ :

रगत बग्न थालेको छ

रगत चुहिन थालेको छ

छुनुहुँदैन यतिखेर उसलाई नछोऊ

आज ऊ अर्थात् कलम

रजस्वला भएकी छे ।

गोपी सापकोटा

'रजस्वला', *गुलाफको एस्ट्रेमा मृत्यु,* पृ ४१ ।

प्रस्तुत कवितांशमा हिन्दू ब्राहमण समुदायमा परम्परादेखि चल्दैआएको जातीय संस्कृतिको सन्दर्भलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । रजस्वला भएकी अर्थात् महिनावारी भएकी महिला चार दिनसम्म अपवित्र हुने र उसलाई कसैले पनि छुन नहुने प्रचलनलाई ब्राहमण जातिले संस्कृतिका रूपमा अवलम्बन गर्दै आएको सन्दर्भ प्रस्तुत गरिएको प्रस्तुत कवितांशमा जातीय संस्कृति विषय बनेर आएको छ । यहाँ जातीय संस्कृतिलाई सिधै प्रस्तुत नगरी रातो मसी चुहिएको कलमलाई प्रतीकका रूपमा प्रयोग गरेर प्रस्तुत गरिएको छ । यस्तै जातीयताको निरङ्कुशतामाथि प्रश्न गर्दै कतिपय समकालीन नेपाली कविहरूले कविता लेखेका छन् । यस्तै भाव बोकेको कविताको एउटा अंश यसप्रकार छ :

यहाँ कति सर्किनीहरू
बाउनहरूसँग आएछन्
बाँसमा खोपेछन् नाम र काटेछन् टुप्पा
समान हुनलाई...
कति मधेसी, थरूनी, यादव, मुसहर आएछन्
पहाडे क्षेत्री, मगर, गुरुङ, सन्यासी आदिसँग
र काटेछन् निरङ्कुश सांस्कृतिक शिर ।

मुनाराज शेर्मा

'मलाई त रगत उम्लेर आउँछ', *शब्दहरूको याक्सा,* पृ. ४ ।

उपर्युक्त कवितांशमा जातीय, जनजातीय पहिचानगत सन्दर्भलाई प्रस्तुत गर्दै जातीय संस्कृतिका सीमारेखाहरूलाई भत्काउँदैगएको यथार्थ प्रस्तुत गरिएको छ । यस कवितांशमा प्रयोग भएका सर्किनि, बाउन, थरुनी, यादव, मुसहर, क्षेत्री, मगर, गुरुङ, सन्यासीजस्ता शब्दले जातीय पहिचानलाई बुझाए पनि यी सबैका आआफ्ना संस्कृतिलाई भत्काउन र साझा संस्कृतिको निर्माण गर्न अन्तर्जातीय विवाह गरेको सन्दर्भ प्रस्तुत गरिएको छ र सामुहिक अस्तित्वका लागि जातीय सहभावका कुरा आएको छ । सर्किनीहरू बाहुनहरूसँग आउनु, मधेसी थरूनी, यादव र मुसहरहरू पहाडे क्षेत्री, मगर, गुरुङ, सन्यासी आदिसँग आउनुजस्ता प्रसङ्गहरूले जातीय, जनजातीय सहभावलाई देखाएका छन् र यस्तो सहभावबाट जातीय समानता आउने कुरा देखाइएको छ। निम्न मानिएका जाति, जनजातिलाई उच्च मानिएका जातिहरूले निम्नस्तरकै रूपमा स्विकार्ने हुनाले तिनको जातीय अहङ्काररूपी बाँसको टुप्पा काटेर समान हुने कुरा देखाएर जातीय चेतनाको स्वर यहाँ अभिव्यक्त गरिएको छ । सीमान्तीकृत जाति, जनजातिले निरङ्कुश सांस्कृतिक शिर काट्नेछन् भन्ने कुरा प्रस्तुत गरी जातीय संस्कृतिले लगाएको पर्खाल भत्काउनु पर्ने विचार पनि यहाँ साङ्केतिक रूपमा अभिव्यक्त गरिएको छ । स्थापित संस्कृतिले उपेक्षा र तिरस्कार गरेका जातिलाई तिनका पहिचानका निर्मित संस्कृतिले विस्थापित गर्छन् भन्ने कुरालाई पनि माथिको कवितांशमा प्रस्तुत गरिएको छ ।

## ७. निष्कर्ष

संस्कृति कुनै पनि जाति, समुदाय वा राष्ट्रको पहिचान हो । हरेक मानिसमा संस्कृतिको प्रभाव प्रत्यक्ष वा परोक्षरूपमा परेको हुन्छ । मानिसका कतिपय सोच, चिन्तन र विचारहरूमा समेत उसको संस्कार र संस्कृतिको प्रभाव परेको हुन्छ । यसरी स्रष्टाभित्र रहेको संस्कृति चेतना जब साहित्यमा अभिव्यक्त हुन्छ त्यहाँ संस्कृति पक्षको अभिव्यक्ति सहज र स्वतस्फूर्तरूपमा आउँछ । समकालीन नेपाली कवितामा पनि संस्कृति विषयको प्रयोग कतै सचेतरूपमा आएको छ भने कतै स्वतस्फुर्तरूपमा आएको छ । आख्यान वा निबन्धमा जस्तो कवितामा सांस्कृतिक पक्षको विस्तृत वर्णन वा चित्रण गरिएको हुँदैन । कवितामा सांस्कृतिक पक्षको प्रयोग कतै सङ्केतका रूपमा, कतै बिम्ब र प्रतीकका रूपमा र कतै चेतनाका रूपमा प्रकटीकरण भएको हुन्छ भन्ने कुरा यहाँ उद्धरण गरिएका कवितांशबाट पनि पुष्टि हुन्छ । समकालीन नेपाली कविताको संस्कृतिपरक पठन गर्ने क्रममा मूलतः कवितामा संस्कृतिका उपर्युक्त तीनवटा पक्ष स्पष्ट र प्रभावकारी रूपमा प्रयोग भएको देखिन्छ । परम्परागत संस्कृति, निर्मित संस्कृति र जातीय संस्कृति गरी तीनप्रकारका संस्कृतिका विविध पक्षहरूमा केन्द्रित भई अधिकांशतः समकालीन नेपाली कविता लेखिएका छन् । कवितामा प्रयुक्त परम्परागत संस्कृतिको सन्दर्भमा यसका सकारात्मक तथा नकारात्मक दुबै पक्षलाई विषय बनाएर कविता लेखिएका छन् भने निर्मित संस्कृतिको सन्दर्भमा पछिल्लो समय विकसित हुँदै आएको उपभोक्तावादी संस्कृति, साइबर संस्कृति, भूमण्डलीकरण आदिको प्रभावबाट निर्मित संस्कृतिका विविध पक्षहरू कवितामा आएका छन् । यसैगरी जातीय संस्कृतिको प्रयोगमा पनि विविधता देखिन्छ । जातीय संस्कृतिलाई कतै गर्वका रूपमा प्रस्तुत गरिएका छन् भने कतै सांस्कृतिक निरङ्कुशताका रूपमा कवितामा विषय बनेर आएका छन् । यसरी संस्कृतिपरक अन्तर्विषयकताको प्रयोगले समकालीन नेपाली कविताको भावसौन्दर्यमा पृथक् स्वाद मिसिएको छ । संस्कृति विषयक विविध बिम्ब, प्रतीक तथा मिथकहरूको प्रयोग तथा स्थानीय सांस्कृतिक विषयहरूले कवितालाई भावगम्भीर बनाएका छन् भने कविताको शिल्पसौन्दर्यमा पनि आकर्षक बनेको देखिन्छ । समग्रमा संस्कृतिका विविध पक्षलाई चेतना र विचारका रूपमा प्रभावकारी रूपमा प्रस्तुत गर्नु समकालीन नेपाली कविताको महत्वपूर्ण पक्ष हो ।

## सन्दर्भसूची


अधिकारी, ज्ञानु (२०७८). *समकालीन नेपाली कवितामा पहिचानको स्वर.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

अस्तफल, सुरेन्द्र (२०७८). *तेल भिसा,* काडमाडौँ : शिखा बुक्स ।

कल्पित, राधिका (२०७७). *बरफका कोइलाहरू.* काठमाडौँ : बि.एन. पुस्तक संसार प्रा.लि. ।

खनाल, सुवास (२०७७). *सपनाको अवयव.* काठमाडौँ : शाब्दिक बुक्स ।

गिरी, अमर, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम सम्पा. (२०७२). *समकालीन नेपाली कविताविमर्श.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०७२). समकालीन नेपाली कविताको अन्तर्विषयक पठन, *समकालीन नेपाली कविताविमर्श.* सम्पा. गिरी, अमर, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद र नेत्र एटम सम्पा (२०७४). *प्रज्ञा आधुनिक प्रतिनिधि नेपाली कविता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

नवोदित, मीनकुमार (२०७८). *समयको बयान.* काडमाडौँ : रत्न पुस्तक भण्डार ।

पहाड, सामना (२०७२). *पर्खालभित्रको घाम.* चितवन : चितवन साहित्य परिषद ।

बाउर्लिन, मार्क (सन् १९९७), *लिटररी क्रिटिसिज्म : अन अटोप्सी,* फिलाडेल्फिया : युनिभर्सिटी अफ पेन्सिलभानिया ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

राई, योग थुलुङ (२०७६). *काङसोरेको पुनर्जन्म.* काठमाडौँ : शीतल लिम्बू ।

लम्साल, नवराज (२०७४). *क्रमशः एक्लै-एक्लै.* ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शेर्मा, मुनाराज (२०७१). *शब्दहरूको याक्सा.* काठमाडौँ : स्रष्टा पब्लिकेसन ।

सापकोटा, गोपी (२०६३). *गुलाफको एस्ट्रेमा मृत्यु.* नवलपरासी : त्रिवेणी साहित्य परिषद ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।